# मध्यकालीन नेपालमा सुरक्षा व्यवस्था र युद्धकलासम्बन्धी शिक्षादीक्षा

*कमला दाहाल*[*]

**सारांश**

*ज्ञानको अभिवृद्धि, जीविकोपार्जन तथा विविध आवश्यकताहरूका निमित्त शिक्षादीक्षा लिने दिने चलन प्राचीन युगदेखि नै चलेको हो । युद्ध आक्रमण जस्ता घटनाहरू बढी हुन थालेपछि सैन्य शक्ति बढाउनुपर्ने वाध्यात्मक परिस्थिति त्यसबेला थियो । त्यसैले शिक्षादीक्षाका विषयहरूमा युद्धकलाको ज्ञान जस्ता क्षेत्रको महत्त्व बढ्दै जान थाल्यो । सुरक्षित बसोवासको व्यवस्थादेखि लिएर युद्धकलाको ज्ञान हासिल गर्न समेत रज्यले नै प्रोत्साहित गर्ने पनि गर्दथ्यो । राज्यले सैन्य आपूर्ति गर्न नसक्ने अवस्थामा जनता स्वयं जनसेनाका रूपमा उठ्नुपर्ने वाध्यात्मक अवस्था रहेको हुँदा युद्धकलासम्बन्धी केही न केही शिक्षादीक्षा त्यतिबेला सबैका लागि अपरिहार्य जस्तै बनेको थियो ।*

**परिचय**

जीवनमा आइपर्ने विविध समस्याहरूलाई सचेत र बौद्धिक किसिमले समाधान गर्न सक्ने योग्यताको नाम नै शिक्षा हो । त्यसैले संसारमा मानिसले जीविकोपार्जनका निमित्त आफ्नो आवश्यकताअनुसार विभिन्न शिक्षा हासिल गर्नु अत्यावश्यक हुन आउँछ । विद्याविना जीविकोपार्जन असम्भवप्रायः नै हुने भएकाले प्राचीन समयदेखि नै समाजमा शिक्षालाई महत्त्वपूर्ण स्थान दिइएको हो । तर विद्यार्थीहरूलाई के कस्ता विषयमा शिक्षा दिने भन्ने विषय भने समय, काल र परिस्थितिमा आधारित हुने कुरा हो । शिक्षा समयसापेक्ष भएन भने आर्जन गरेको ज्ञानले व्यक्तिलाई आवश्यकताअनुरूप उचित फल दिन सक्तैन । यिनै तथ्यहरूलाई हृदयङ्गम गरी प्राचीन समाजवेत्ताहरूले शिक्षालाई विविध ढङ्गले विश्लेषण गरेको तथ्य प्राचीन शास्त्रीय ग्रन्थहरूको अध्ययनबाट बुझ्न सकिन्छ ।

**शिक्षादीक्षाको प्राचीन परम्परा**

प्राचीन युगमा अनेकानेक विषयहरूको शिक्षा विद्यार्थीहरूलाई दिइन्थ्यो । त्यतिखेरको चलनअनुसार शिक्षार्थीले सबैभन्दा पहिले वेदको अध्ययन गर्नु पर्दथ्यो । त्यसपछि मात्र अरू विषयको पठनपाठन हुन्थ्यो । छान्दोग्योपनिषद् र शतपथब्राह्मणमा उल्लेख भएअनुसार वेदका अतिरिक्त, इतिहासपुराण, व्याकरण, भूतविद्या, तर्कशास्त्र, शिक्षा, निरुक्त, ज्योतिष, छन्द, नक्षत्रविद्या, राशि आदि विभिन्न विषयहरूको अध्ययनअध्यापन प्राचीन युगमा हुन्थ्यो (**छान्दोग्योपनिषद**, ७. १.२, **शतपथब्रह्मण** ४. ६.९.२०) ।

औपनिषदिक युगसम्म आइपुग्दा चार वेदहरू, पाँचौं वेदका रूपमा इतिहासपुराण, वेदहरूको पनि वेदका रूपमा व्याकरण, श्राद्धकल्प, राशि वा अङ्कगणित, उत्पातज्ञान, निधिशास्त्र (गुप्त खनिज खोज्ने र खन्ने विद्या), तर्कशास्त्र, नीति, देवविद्या वा निरुक्त, ब्रह्मविद्या वा छन्द एवं ध्वनि-विद्या, भूतविद्या (भूतप्रेत हटाउने विद्या), क्षात्रविद्या (धनुर्वेद), नक्षत्रविद्या, सर्पविद्या तथा देवजनविद्या (नृत्यसङ्गीत) एकायन वा राजनीतिजस्ता विद्याहरूको पहिचान भइसकेको थियो (**ऐजन**) । बुद्धकालीन युगमा

---

* सहप्राध्यापक डा. दाहाल पाटन संयुक्त क्याम्पस, त्रि.वि., पाटनढोका, ललितपुरमा कार्यरत हुनुहुन्छ ।

आइपुग्दा यी विषयहरूका साथै उपनिषद्हरू, शिक्षा, अर्थशास्त्र, शिल्प, वार्ता, दर्शन, धर्म आदिको समेत अध्ययन-अध्यापन हुन थालिसकेको बुझिन्छ (मिश्र, १९८० इ.: ५४०) ।

इसापूर्व चौथो शताब्दीमा आइपुग्दा सम्पूर्ण विषयहरूलाई समेटेर कौटिल्यले विद्यालाई त्रयी, आन्वीक्षिकी, वार्ता र दण्डनीति गरी चार भागमा विभक्त गरेका छन् (आन्वीक्षिकी त्रयी वार्ता दण्डनीतिश्चेति विद्या, **अर्थशास्त्र** १.१) । त्रयी भन्नाले ऋग्वेद, यजुर्वेद र सामवेद तीन वेदहरू एवं यी वेदहरूका आधारमा लेखिएका ब्राह्मणादि साहित्यहरू बुझिन्थ्यो भने आन्वीक्षिकी भन्नाले तर्क र दर्शन, वार्ता भन्नाले कृषि, पशुपालन तथा वाणिज्य-व्यापार जस्ता अर्थोपार्जनमूलक विषयहरू र दण्डनीति भन्नाले राजनीति शासन र शासन सञ्चालनसम्बन्धी विद्या बुझिन्थ्यो (मिश्र, १९८० इ., ५४०) । याज्ञावल्क्यस्मृतिमा चतुर्दशविद्या र अष्टादशविद्या भनेर सम्पूर्ण विद्यालाई चौध र अठारका सङ्ख्यामा स्वीकृत गरिएको छ (याज्ञवल्क्यस्मृति, १.१.३) भने कालिदासले पनि चतुर्दशविद्या र अष्टादशविद्याको उल्लेख गरेका छन् (**रघुवंश**, ५.१) । तक्षशिलामा पढाइ हुने विषयहरूको सूचीको अध्ययनबाट पनि त्यहाँ प्राचीन ग्रन्थहरूमा वर्णन गरिएअनुरूपकै विषयहरूको अध्ययन-अध्यापन हुने गरेको बुझ्न सकिन्छ । त्यहाँ तीन वेदहरू, व्याकरण तथा दर्शनका अतिरिक्त अठार व्यावसायिक सीपमूलक विषयहरू पढाइने गरेको बुझिन्छ, जसअन्तर्गत वैद्यक, चिकित्सा, लेखा, ज्योतिष, वाणिज्य, कृषि, धनुर्बाणलगायतका युद्धकलासम्बन्धी ज्ञान, जादूकला, सर्पखेल, सङ्गीत, चित्रकला आदि विषयहरू पर्दथे (Altekar, 1957: 111) । त्यस्तै, वात्स्यायनले चौँसठ्ठीविद्याको चर्चा गरेका छन् भने एघारौँ शताब्दीमा भारतभ्रमणमा आएका अरबी विद्वान् अल्बेरुनीले पनि सो समयमा अध्यापन हुने विषयहरूको जानकारी दिँदा माथि उल्लेख गरिएअनुसारका विषयहरू नै भएको चर्चा गरेका छन् (Mishra, 1985: 37)।

यसरी प्राचीन युगदेखि नै महत्त्वपूर्ण स्थान पाइआएका विविध विषयहरूमध्ये निकै विषयहरूको अध्यापन नेपालको लिच्छवियुगमा पनि चलेको थियो । तात्कालिक अभिलेखहरूले वेद, स्मृतिहरू, महाभारत, यजुर्वेद, ज्योतिष, सङ्गीत, शिल्पशास्त्र, आदिको अध्यापन हुने गरेको जानकारी गराएका छन् । यसैअनुरूप मध्यकालीन नेपालमा पनि अनेकानेक विषयहरूको अध्यापन हुने गरेको थियो । मध्यकालीन नेपालमा पठनपाठन हुने विषयहरूका बारेमा तात्कालिक विभिन्न स्रोतहरूबाट बुझ्न सकिन्छ । त्यसबेलाका अभिलेखहरूमा उल्लेख भएका सन्दर्भहरू तथा राष्ट्रिय अभिलेखालय, केशर पुस्तकालय, राष्ट्रिय पुस्तकालय एवं अन्य विभिन्न सङ्ग्रहहरूमा सङ्ग्रहीत भएका हस्तलिखित ग्रन्थहरूको प्रसङ्गबाट त्यसबेला पठनपाठन हुने अनेक पाठ्यविषयहरूका बारेमा जानकारी पाउन सकिन्छ । तात्कालिक स्रोतहरूबाट थाहा पाइएको मध्यकालीन एक पाठ्यविषय सैनिक तालिम तथा युद्धकलासम्बन्धी शिक्षादीक्षाका वारेमा तल चर्चा गरिएको छ ।

## सुरक्षाका लागि योजनाबद्ध शहरी विकास

दसौँ शताब्दीको प्रारम्भसँगै नेपालको इतिहासमा मध्यकालको सुरुआत भएको मानिन्छ । मध्यकालको थालनीसँगै नेपालको राजनैतिक, सामाजिक र धार्मिक प्रशासनिक क्षेत्रहरूमा अनेक परिवर्तनहरू देखिँदै जान थाल्यो । वास्तवमा मध्यकालको आरम्भदेखि नै नेपालको अवस्था प्राचीनकालको जस्तो रहेन । मध्यकालको सुरुदेखि नै नेपालको केन्द्रीय शासन कमजोर हुन थालेपछि राज्य टुक्रिने अवस्था सिर्जना हुँदै गयो । राज्यमा संयुक्त शासन (एक जनाभन्दा बढी मिलेर शासन गर्ने परिपाटी) को आरम्भ भयो । यस्तो संयुक्त शासन पनि बाबुछोरा वा दाजुभाइ वा काकाभतिजाका बीचमा दुईजना, तीनजना, चारजना वा पाँचजनासम्म पनि मिलेर गर्ने गरेको देखिन्छ (वज्राचार्य, १९७७ इ. : ९५-९८) । यस

परिपाटीले गर्दा एकअर्कामा प्रतिस्पर्धा तथा झगडाको भावना सुरु भयो । फलस्वरूप केन्द्रीय शासनमा कमजोरी आउने नै भयो । केन्द्रीय शासनमा नै कमजोरी आएपछि विशाल नेपाल खुम्चेर सानो हुँदै जान थाल्यो । एघारौँ शताब्दीको अन्तसम्ममा प्राचीनकालको विशाल नेपाल टुक्रेर कर्णाली प्रदेशको खसमल्लराज्य, सिमरौनगढको तिरहुतराज्य र काठमाडौँ उपत्यकाको राज्य गरी तीन राज्यमा परिणत भइसकेको थियो । स्वतन्त्र राज्यस्थापनाका साथसाथै पश्चिम कर्णाली प्रदेशमा नागराजले स्थापना गरेको खसमल्लराज्य र दक्षिण सिमरौनगढमा नान्यदेवले स्थापना गरेको तिरहुतराज्य निकै शक्तिशाली पनि बन्दै आएका थिए । केन्द्रमा भने उही झगडा र प्रतिस्पर्धाको भावना मात्र विकसित भइरहेको थियो । त्यसैले यी नयाँ राज्यहरूले बेला-बेलामा काठमाडौँमा आक्रमण पनि गर्ने गरेका थिए । तेह्रौँ शताब्दीपछि आएर काठमाडौँको राज्यमा एकै परिवारभित्रका मात्र नभएर दुई बेग्लाबेग्लै वंशका व्यक्तिहरू गद्दीमा बस्ने अनौठो परम्परा पनि सुरु भयो । यस परम्पराअनुसार एउटा राजवंशका व्यक्ति राजगद्दीमा बसेका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । यसरी शासन प्रणाली चल्दै आएको थियो तापनि यिनीहरूमा अधिकारको विभाजन भने भएको थिएन । कहिलेकाहीँ यिनमा जो बाठा हुन्थे, ती अरूलाई अँठ्याई शासनाधिकार एकलौटी पार्ने चेष्टा पनि गर्थे । यस किसिमको प्रणालीले गर्दा नै गृहकलह उत्पन्न हुने तथा सङ्घर्ष चल्ने गर्दथ्यो । शासकहरू आफ्नो शक्ति बढाउन अरू राज्यसँग गुहार मागेर यहाँ आक्रमणसमेत गराउने गर्दथे (**ऐजन**) । यस परिपाटीले गर्दा मध्यकालको सुरुदेखि नै नेपालीहरू आपसमा लडाइँभिडाइँमा लागिरहेको पाइन्छ । काठमाडौँ उपत्यकामा त धेरैपल्ट बाह्य आक्रमणहरू पनि भएका थिए । मल्लकालको उत्तरार्धमा आएर उपत्यकाको विभाजन भएपछि यहाँका मल्ल शासकहरू आपसमा नै लडाइँझगडामा लागिरहेको तथ्य तात्कालिक विभिन्न स्रोतहरूबाट थाहा पाउन सकिन्छ ।

यस युगमा आरम्भदेखि नै एउटा महत्त्वपूर्ण परिवर्तन बस्ती बसाइ या सहरीकरण देखिएको छ । सधैँ लडाइँ भइरहने हुँदा युद्ध आक्रमणका विविध प्रकारलाई ध्यानमा राख्दै त्यस युगमा हरेक बस्ती सहरका रूपमा विकसित हुन थालेका थिए । यसरी झुरुम्म बस्ती बसाएर सहरको रूप दिएपछि शासकहरू आफ्नो दरबार तथा राजधानी नगरलाई विशेष मजबुत बनाएर सुरक्षासाथ बस्ने गर्थे ।

नेपालमा योजनाबद्ध सहरी सभ्यताको विकास नै दसौँ शताब्दीको प्रारम्भसँगै भएको अनुमान हुन्छ । लिच्छविकालीन अभिलेखहरूमा ठूला-साना सबैखाले बस्तीलाई सम्बोधन गर्दा ग्राम नै भनिएको पाइन्छ । यसै आधारबाट लुसियानो पेटेकको प्राचीन नेपालमा सहरहरूको अस्तित्व थिएन भन्ने निष्कर्ष अनुरूप (Petech, 1958: 183) नेपालमा त्यसबेला नगर सभ्यताको विकास भइसकेको थिएन कि भन्ने देखिएको छ । यद्यपि यो विचार विवादरहित भने देखिएको छैन । धनवज्र वज्राचार्य (२०३० : १०२) र जगदीशचन्द्र रेग्मी (२०५१ : २३) प्राचीन कतिपय बस्तीहरूले सहरको रूप लिइसकेको हुनसक्ने विचार रहेको देखिन्छ । यस सम्बन्धमा के कुरो स्पष्ट गर्न सकिन्छ भने लिच्छविकालीन कतिपय बस्तीहरू विकसित रूपका भए पनि नगरोन्मुख हुन थालेको हुन सक्तछ; तर तिनीहरूले सहर वा नगरको मान्यता भने पाएका थिएनन् र त्यस्ता सहरहरू नगरसभ्यताअनुरूप योजनाबद्ध रूपमा विकसित गर्ने परम्परा पनि सुरु भइसकेको थिएन । मध्यकालको आरम्भदेखि नै काठमाडौँ उपत्यका र वरपरका क्षेत्रहरूमा भने प्राचीनकालमा गाउँका रूपमा स्थापित भएका क्षेत्रहरू घना बस्ती भएका नगर (पुर) का रूपमा परिवर्तित हुँदै जान थालेका थिए । ललितपुर, कान्तिपुर, भक्तपुरजस्ता सहरहरू पूर्वमध्यकालको आरम्भतिर नगरका रूपमा विकसित

भइसकेका थिए । कान्तिपुर सहरको निर्माणको श्रेय वंशावलीले पूर्वमध्यकालका शासक गुणकामदेवलाई दिएको छ (लम्साल, २०२३ : २३) । यी गुणकामदेवको समय दसौँ शताब्दीको अन्त्यतिर मानिन्छ । त्यस्तै लिच्छविकालीन अभिलेखहरूमा ललितपुरको उल्लेख भएको छैन । त्यस बेलाका युपग्रामद्रंगअन्तर्गतका अनेक गाउँ मिलेर ललितपुर सहरको निर्माण भएको हो । ने.सं. १३२ (वि.सं. ११२९) को पाटन त्यागलटोलको अभिलेखमा पहिलोपल्ट ललितपुरको उल्लेख आएको छ । अभिलेखमा उल्लिखित वर्णनको प्रसङ्गबाट त्यसबेलासम्म ललितपुर विकसित सहर भइसकेको बुझिन्छ (तेवारी र अरू, २०१९ : २४-२५) । त्यस्तै कीर्तिपुरको सहरीकरण शिवदेवले बाह्रौँ शताब्दीको आरम्भतिर गरेको बुझिन्छ । शिवदेवको कीर्ति फैलाउने कार्य भएकाले सहरको नाम नै कीर्तिपुर रहन गएको कुरा वंशावलीबाट ज्ञात हुन्छ ( Wright, 1966: 96) ।

यसरी नगरको विकासका साथसाथै नगर वा सहर कस्तो हुनुपर्ने भन्ने सम्बन्धमा निश्चित सिद्धान्त पनि बन्न थाल्यो । एउटा सहर बन्नका निमित्त केकस्ता पूर्वाधारहरूको आवश्यकता हुन्थ्यो भन्ने सम्बन्धमा केशर पुस्तकालयमा रहेको साद्यन्तकोषसार नामक एक हस्तलिखित ग्रन्थमा उल्लेख भएअनुसार एउटा सहर बन्नका निमित्त पर्खाल, खाई, गढ, राजधानी, देवमन्दिर, मण्डप, आदिका साथै वेद जान्ने, ज्योतिषी र अनेक शास्त्रमा दखल भएका पण्डितमण्डलीसमेत भएको हुनुपर्दथ्यो (वज्राचार्य र श्रेष्ठ, २०३१ : ३) ।

**गढ किल्लाका रूपमा शहरहरू**

मध्यकालमा सधैँ लडाइँ भइरहने हुँदा सुरक्षाका दृष्टिकोणले सानाठूला सबै सहरहरूलाई सर्वप्रथम गढ (किल्ला) का रूपमा परिणत गर्ने परिपाटी सुरु गरिएको थियो (वज्राचार्य, २०२१ : ३१) । त्यस युगका सहरहरू चारैतिर अग्ला-अग्ला पर्खालले घेरेर सुरक्षित बनाइएका हुन्थे । पर्खालबाहिर वरिपरि पानी भरिएको खाई वा नहर (Moat) बनाएर सर्पजस्ता हिंसक जन्तु पनि छोडिएका हुन्थे । खाई बाहिर रूखहरू रोपेर पूरा सहरलाई नै जङ्गलमा परिणत गरिएको हुन्थ्यो । सहरबाट बाहिर जान ठाउँ-ठाउँमा मजबुत ढोका बनाइएका हुन्थे । बाहिरबाट शत्रुको आक्रमण हुने अवस्था सिर्जना हुनेबित्तिकै सहरबाट बाहिर जाने-आउने सबै ढोकाहरू बन्द गरिन्थे । ठूलो बल नपुऱ्याई सहरभित्र पस्न सकिँदैनथ्यो । काठमाडौँ, भक्तपुर र ललितपुर मात्र नभएर कीर्तिपुर, थानकोट, लुभु, फर्पिङ्गजस्ता सहरहरू पनि किल्लाको रूपमा विकसित गरिएका थिए ।

यसरी सहरलाई किल्लाका रूपमा परिणत गरिएबाहेक पनि आफ्नो राज्यको रक्षाका लागि मुख्य राजमार्ग वा विशेष चलनचल्तीका बाटोघाटोमा ठाउँ-ठाउँमा अनेक किल्ला बनाइएका हुन्थे । तात्कालिक अभिलेख तथा ठ्यासफुहरूमा यस्ता अनेक किल्लाको उल्लेख पाइन्छ । यस्ता किल्लाहरूको रेखदेख गर्न किल्ला हेरी ४०/५० जनादेखि १४० सम्म पनि सुरक्षाकर्मीहरू किल्लामा रहेका हुन्थे (Wright, 1966: 154) । रणजीत मल्लका पालाको एक प्रमाणमा यी सुरक्षाकर्मीहरूलाई सिपाही भनेर नै सम्बोधन गरिएको छ (तेवारी र अरू, २०२४ : १६) । यसरी सुरक्षा मजबुत गरिएको हुँदा आक्रमणकारी शत्रु हत्तपत्त सहरभित्र पस्न सक्दैनथ्यो । शत्रु आगमनको खबर पहिले नै हुने हुँदा सतर्कता अपनाउन सकिने हुन्थ्यो र शत्रु सहरभित्र पस्न नपाउँदै बीचमै उसलाई रोक्न सजिलो हुन्थ्यो । वि.सं. १३५० मा खस राजा जितारी मल्लले काठमाडौँ उपत्यकामा आक्रमण गरेको समयमा एक महिनासम्म घेर्दा पनि पाटन सहरभित्र पस्न सकेका थिएनन् ।

तर यस्तो व्यवस्था भएपनि बाहिरबाट भएका ठूला-ठूला आक्रमणहरू भने रोक्न असम्भव जस्तै हुन्थ्यो । पश्चिम कर्णाली प्रदेशबाट भएका कतिपय आक्रमणहरू, तिरहुतबाट

भएका कतिपय आक्रमण तथा बङ्गाली शासक सुल्तान समसुद्दीनले गरेको भीषण आक्रमण रोक्न सकिएको थिएन । यस्तो अवस्थाका निमित्त पनि केही योजना बनेको थियो । यसरी ठूला आक्रमण भएका बेला अपर्झट लुक्नका लागि ठाउँ-ठाउँमा वनदुर्गहरू वनेका हुन्थे । घना जङ्गलभित्र सहर बसाएर आपतकालीन समयमा लुक्न जाने प्रचलन थियो । चाँगु, साँखु, गोकर्ण, बालाजु, स्वयम्भू, दक्षिणकालीजस्ता क्षेत्रहरू वनदुर्गका रूपमा विकसित थिए ।

**सेना आपूर्तिको व्यवस्था**

मध्यकालमा राज्यका स्थायी सैन्य भने धेरै हुँदैनथे । राजधानीबाहिर उत्तरी भोट सीमानादेखि केही कोस फरक पारी बनाइएका कोट तथा थुमहरूमा उमरावको मातहतमा केही स्थायी सैनिकहरू रहने व्यवस्था भए पनि राजधानीभित्र स्थायी सैनिकहरू नगण्यमात्रामा थिए (वज्राचार्य, २०२१ : ३२) । त्यसैले पनि जयप्रकाश मल्लले युद्धको समयमा बाहिरबाट झिकाएर केही स्थायी सैनिक भर्ना गरेका थिए । जयप्रकाश मल्लले केही स्थायी सैनिक नगद तलब दिएर पाल्नुपर्दा उनलाई जुन कष्ट परेको थियो त्यसबाट पनि मल्लकालीन स्थायी सैन्यशक्तिको अनुमान गर्न सकिन्छ ।

यसरी एकातिर मध्यकालीन राजाहरूसँग सैन्यशक्तिको कमी थियो भने त्यसको ठीक विपरीत लडाइँभिडाइँ अत्यधिक मात्रामा हुने गर्दथ्यो । राज्यहरूबीचको आपसी प्रतिद्वन्द्विता तथा राजगद्दीका निमित्त हुने झैझगडाजस्ता कारणले गर्दा त्यसबेला राज्यहरूका बीचमा सधैँजसो युद्ध भई नै रहन्थ्यो । एक राज्यले अर्को राज्यसँग सहयोग लिएर पनि आफ्नो शत्रुराज्यमा आक्रमण गर्ने चलन थियो । यस्तै सहयोग माग्न मोरङ, मकवानपुर आदि राज्यका राजाहरूसमेत काठमाडौँ आउने गर्दथे भने काठमाडौँबाट पनि उनीहरूको सहयोगार्थ बाहिर आक्रमण गर्न गएका विवरणहरू तात्कालिक स्रोतहरूमा उल्लेख गरिएको छ (तेवारी र अरू (सम्पा.), २०२१ : ४३) ।

मध्यकालीन राज्यव्यवस्थामा सैनव्यवस्था सम्बन्धमा यस्तो परिपाटी रहेको हुँदा तात्कालिक राज्यहरूले युद्ध आक्रमणका समयमा सैन्य आपूर्तिसम्बन्धमा विशेष व्यवस्था गर्नुपरेको थियो । त्यसकारण मध्यकालमा राजकाजसम्बन्धी लडाइँभिडाइँका काम आइपर्दा स्थायी सेनाबाहेक सम्पूर्ण प्रजाले अनिवार्य रूपमा सहयोगी हुनुपर्ने नियम बनेको थियो । राज्यलाई सङ्कट आएको बेलामा कसैले फुर्सद छैन भनी आनाकानी गर्न पाउँदैनथ्यो । पाटनका राजा श्रीनिवास मल्लको वि.सं. १७२९ को पाटनको रातो मछिन्द्रनाथको मन्दिरमा राखिएको एक अभिलेखमा उल्लेख भएअनुसार राज्यलाई आवश्यक परेको खण्डमा काम गर्न नमान्नेलाई नगद दण्ड गर्ने, डोरीले बाँध्ने, थुन्ने, देशनिकाला गर्नेसमेत अधिकार राजालाई थियो । यो नियम प्रजालाई मात्र नभएर राजपरिवार तथा अन्य भाइभारदारसमेतलाई लागू हुन्थ्यो । आफ्ना मान्छे भनी राजाले छोड्नुहुँदैन, राजकुमार तथा भारदारहरूले पनि आफ्ना मान्छे भनी यो स्थितिबन्देज नाघ्नु हुँदैन भनी उक्त अभिलेखमा उल्लेख भएको छ (वज्राचार्य, (सम्पा.), २०५६ : १७६) ।

मध्यकालको सेनासम्बन्धी उपर्युक्त व्यवस्थाअनुसार राज्यको स्थायी सैन्य धेरै नहुने हुँदा अप्ठ्यारो परेका बखतमा प्रजाहरूले नै सक्रिय हुनुपर्दथ्यो । आफ्नो देशमा बाह्य आक्रमण भएको खण्डमा प्रजाहरू नै सैनिकका रूपमा लडाइँका मैदानमा उत्रन्थे पनि । तात्कालिक स्रोतहरूबाट प्रजाहरू एकजुट भएर लडाइँमा उत्रेका अनेक घटनाहरू थाहा पाउन सकिन्छ । वि.सं. १४२९ वैशाखमा पाटनका प्रजाहरू नै उठेर ठिमीमा लड्न गएको कुरा गोपालराज वंशावलीमा उल्लिखित छ (गोपालराज वंशावली, पत्र ५५) । त्यस्तै योगनरेन्द्र मल्ल मरेपछि लोकप्रकाश मल्ल राजा भएका बेलामा कान्तिपुरले पाटनमा आक्रमण गर्दा

पाटनका प्रजाहरू नै उठेर कान्तिपुरेहरूलाई खेदेका थिए । यसबेला १०० जना कान्तिपुरेहरू मारिएका पनि थिए । यसै प्रसङ्गमा भक्तपुरले त्यहाँ गएर बाजा बजाई प्रजाहरूलाई बटुलेर कान्तिपुरेहरूलाई मारेको प्रसङ्ग तात्कालीन एक ठ्यासफुमा उल्लेख भएको छ ( वज्राचार्य र श्रेष्ठ, २०३५ : १७०) । त्यस्तै प्रताप मल्लका एकभाइ छोरा महीपतीन्द्र मल्ल आफ्नो ज्यान जोगाई पाटनमा लुकेर बसेको समयमा कान्तिपुरका सेनाले आक्रमण गर्दा महीपतीन्द्र मल्लले झ्यालबाट रोईकराई गरेर गुहार मागेपछि ललितपुरका प्रजाहरू उठेर आई कान्तिपुरेहरूलाई भगाएका थिए । त्यस्तै कान्तिपुरका राजा जगज्जय मल्लको समयमा विद्रोह गर्ने नीलनारायण ठाकुरलाई दबाउँदा प्रजाहरू नै उठेका थिए (**ऐजन**) । यसरी प्रजाहरू सैन्यका रूपमा उठेका अनेक मल्लकालीन उदाहरणहरू पाउन सकिन्छ । काठमाडौँ उपत्यकामा मात्र नभएर अन्य राज्यहरूमा समेत यस्तो व्यवस्था कायम थियो । वि.सं. १३८१ मा गयासुद्दीन तुगलकले आक्रमण गरेको बेलामा सिमरौनगढका शासक हरिसिंहदेवले प्रतिकार गर्दा “प्रजाहरू जम्मा पारी आक्रमण गरियो” भन्ने कुरा गोपालराज वंशावलीमा परेको छ (गोपालराज वंशावली, पत्र ४६) ।

मध्यकालमा अनिवार्य सैनिक कार्य गर्नुपर्ने तात्कालिक व्यवस्थाविपरीत राजाप्रजा कोही जान नसक्ने नियम एकातिर देखिन्छ भने राजाहरूले प्रजाहरूको सधैँ हौसला बढाउने गरेको पनि देखिन्छ । शत्रुलाई धपाई आफ्नो प्रदेश फिर्ता गराई फर्केपछि यसको खुसियालीमा राजाले प्रजाहरूलाई केही बहुमूल्य वस्तु बकस दिने, भोज खुवाउने तथा उनीहरूका तात्कालिक अन्य आवश्यकताहरू पूरा गरिदिएर प्रजालाई खुसी बनाउने चलन थियो । प्रजाहरू पनि आफूले प्राप्त गरेको उपहारबाट आफ्ना इलाकाका देवताको पूजा गरी देवतालाई तोरण, सुनका फूलमाला आदि चढाउने गर्दथे (**ऐजन**) । वि.सं. १७८७ तिर कान्तिपुर, ललितपुर र गोरखा तीन राज्यहरू मिली भक्तपुरको ओभुकिल्ला दक्खल गर्दा ठिमी, चोपुर, नकदेश, बोडे आदिका प्रजाहरू उठी ती तीनै राज्यका संयुक्त सैन्यलाई हराई ओभुकिल्ला फिर्ता लिएका थिए र सो अवसरमा खुसी भएर राजा रणजीत मल्लले जनतालाई सुनका गहना, हात्ती आदि बकस दिएको कुरा तात्कालिक स्रोतहरूबाट थाहा पाइन्छ (तेवारी र अरू (सम्पा.), २०२१ : ४३) । यस्तै पाटनका राजा योगनरेन्द्र मल्लले शत्रुको हातबाट आफ्नो किल्ला फर्काएको खुसियालीमा आफ्ना प्रजाहरूको माग पूरा गरिदिई तिनीहरूलाई भोजसमेत खुवाएको कुरा वंशावलीहरूबाट थाहा पाउन सकिन्छ (वज्राचार्य र अरू (सम्पा.), २०१९ : २८१-८२०) । त्यस्तै कान्तिपुरका राजा जगज्जय मल्लका समयमा विद्रोह गर्ने नीलनारायण ठाकुरलाई दबाउँदा सहयोग गर्ने साँखुका बासिन्दाहरूलाई राजाले खुसी भएर घरैपिच्छे एउटा पगरी दिएको कुरा ने .सं. ८४५ (वि.सं. १८७१) को साँखु वज्रयोगिनीको शिलालेखबाट थाहा हुन्छ (वज्राचार्य र श्रेष्ठ, २०३५ : १७०) ।

**युद्ध कलासम्बन्धी शिक्षादीक्षा**

माथिका विवरणरूबाट के स्पष्ट हुन्छ भने मध्यकालमा प्रजाहरूले नै सेनाको समेत काम गर्नुपर्दथ्यो । यसका निमित्त प्रजाहरूले पूर्वतयारीका लागि केही सैन्य तालिम पनि लिनुपर्दथ्यो । त्यसैले मध्यकालमा सैनिक वा युद्धकलासम्बन्धी शिक्षादीक्षाको व्यवस्था पनि प्रचलित थियो । यसका निमित्त सरकारी स्तरबाट केही न केही रूपमा तालिमको व्यवस्था भने गरिएको हुन्थ्यो । तात्कालीन राजाहरूले लिएका विभिन्न पदहरूबाट पनि सैनिक तालिमको व्यवस्था भएको अनुमान गर्न सकिन्छ । प्रायः सम्पूर्ण राजा र राजकुमारले आफूलाई विभिन्न शस्त्रको ज्ञाता भनेर उल्लेख गरेका छन् । यस हिसाबले हेर्दा त्यसबेला विशेष गरेर परम्परागत युद्धप्रविधिहरू सिकाउने गरेको पाइन्छ । त्यसबेला सिकाइने

शस्त्रविद्यामा धनुर्वेदको उल्लेख भएको छ । ने.सं. ५०८ को देउपाटनको अभिलेखमा स्थिति मल्लका छोरा ज्योति मल्ललाई धनुर्वेदमा सधैँ अभ्यास गरेका अर्जुन जस्ता भनिएको छ । धनुर्वेदलाई यजुर्वेदको उपवेद मानिन्छ । लडाइँका कुरा एवम् शस्त्रशास्त्रसम्बन्धी तथा व्यूह आदि रच्न सिकाउने कुराहरू धनुर्वेदमा पर्दछन् । धनुर्वेदमा उल्लेख भएका पाँच प्रकारका कलामा शस्त्र तयार गर्नु, पहलमानी युद्ध गर्नु, जोर्नीमा हिर्काउनु, बाजा बजाएर फौज जम्मा गर्नु तथा हात्ती, घोडा र रथका हिँडाइको गतिअनुसार युद्धको तारतम्य मिलाउनुजस्ता कुराहरू पर्दछन् । यसप्रकारको उल्लेखबाट मल्लकालमा विविध प्रकारको सैनिक शिक्षा दिने गरेको पाइन्छ । राष्ट्रिय अभिलेखालयमा धनुर्दीक्षा तथा धनुशास्त्रजस्ता नामबाट धनुर्वेदका केही ग्रन्थहरू संरक्षित रहेका छन् । यीमध्ये एउटा नेवारी ग्रन्थ धनुशास्त्र ने.सं. ५८८ (वि.सं. १५२५) मा यक्षमल्ल र उनका सामन्तहरूबीच सङ्ग्राम चलेको बेलामा बडो यत्नपूर्वक लेखिएको बुझिन्छ (राष्ट्रिय अभिलेखालय लागत सङ्ख्या प्रथम प्र. १४९१, मायक्रोफिल्म रिल नं. बी १८९/४ को हस्तलिखित ग्रन्थ) । घोडा चढ्न, धनुबाण चलाउन, भाला, खुकुरी, छुरी, लाठी आदि चलाउन त्यसबेला नेपालीहरू निकै दक्ष भएको तथ्यबाट पनि त्यसबेला सैनिक तालिमको विशेष व्यवस्था हुने गरेको देखिन्छ ।

मल्लकालमा प्रचलित महत्त्वपूर्ण हतियारहरूमा तरबार, खुकुरी, ढाल, छुरी, खुँडा, खोजे, घोप, किरिच, खञ्जर, कटार, बन्दुक (चारनाले, पन्ध्र तोडवाला), पेस्तोल, सङ्गीनपुला, पत्ती, जम्लीकटार, तरकस, कोर्रा, खुरसान, बेलहरी, पूर्वी तरवार, निम्चा, इलामान्, चुपी आदि प्रमुख थिए । यी हतियारहरू अधिकांशतः नेपालमा नै बन्दथे । पछि बन्दुकसमेत नेपालमा नै बन्ने गरेको बुझिन्छ (वैद्य, २०२८ : ढ) ।

मध्यकालमा यहाँ तोपको चलन आइसकेको थियो । वि.सं. १७४४ तिर पाटन राज्य र मकवानपुरको सेन राज्यबीच भएको युद्धवर्णनमा तोपको प्रयोग भएको कुरा ऐतिहासिक स्रोतहरूबाट थाहा पाउन सकिन्छ (वज्राचार्य र श्रेष्ठ, २०३७ : ३६) । गोरखामा पनि पृथ्वीपति शाहका समयमा उनका छोरा चन्द्ररूप शाहले तोप बनाएका थिए । सो कुरा गोरखादरबारमा रहेको उक्त तोपमा अङ्कित अभिलेखबाट थाहा पाइन्छ (**ऐजन**) । अझ लमजुङमा त त्यो भन्दा पहिलेदेखि नै तोपको प्रयोग हुन थालिसकेको थाहा हुन्छ (**ऐजन**) ।

मध्यकालमा कुनै पनि राज्यमा स्थायी सेना नभएको हुँदा हरेक व्यक्तिहरूले कुनै न कुनै किसिमको हातहतियार चलाउन जानेको हुनुपर्दथ्यो । यस्तो तालिम दिन बाहिरबाट विशेषज्ञ झिकाउने चलन पनि थियो (ज्ञवाली, २०३३ : ६३) । त्यसैले पनि यो मध्यकालीन शिक्षाको एउटा महत्त्वपूर्ण अङ्ग नै बनेको थियो । तर मध्यकालको अन्तिम समयतिर आएर भने यस किसिमको तालिमले खास केही सहयोग गर्न सकेन; सैनिक तालिममा शिथिलता आउन थालेको देखिन्छ । त्यसैले पृथ्वीनारायण शाहसँग लडाइँ गर्न मल्ल राजाहरूले विदेशी सैन्यको सहयोग पनि लिनुपरेको थियो । अन्त्यमा आएर सैन्यशक्ति कमजोर भएकै कारणले मल्ल राजाहरूको पतन भयो । तर पनि यो मध्यकालीन शिक्षाको एउटा महत्त्वपूर्ण अङ्ग नै बनेको थियो भन्ने कुरा भने सहजै अनुमान गर्न सकिन्छ ।

## निष्कर्ष

प्राचीन तथा मध्यकालीन राज्य परम्परा भनेको सैन्य शक्तिको भरमा चलेको राजनीति थियो । युद्ध, झैँझगडा, विद्रोह, आक्रमण, सत्ता छिनाझप्टीजस्ता कार्यहरू नै त्यसबेलाका राजनीति थिए । त्यसैले जनता तथा शासकहरू सधैँ सुरक्षाको घेरामा बस्न चाहन्थे । जनताहरू स्वयं युद्ध कौशलमा ज्ञान प्राप्त गर्ने प्रयास गर्दथे । राज्य स्वयं यसतर्फ जनतालाई अभिप्रेरित गर्थ्यो । राज्यले सैन्य आपूर्ति गर्न नसक्ने अवस्थामा जनता

स्वयं जनसेनाका रूपमा उठ्नुपर्ने वाध्यतात्मक अवस्था रहेको हुँदा युद्धकलासम्बन्धी केही न केही शिक्षादीक्षा त्यतिबेला सबैका लागि अपरीहार्य जस्तै बनेको थियो ।

**सन्दर्भ कृतिसूची**


तेवारी, रामजी र अरू (२०१९). *अभिलेख सङ्ग्रह.* संशोधन मण्डल, काठमाडौँ ।

तेवारी रामजी र अरू (सम्पा.) (२०२१). *ऐतिहासिक पत्रसङ्ग्रह.* दोस्रो भाग, नेपाल सांस्कृतिक परिषद्, काठमाडौँ ।

मिश्र, जयशंकर (१९८०). प्राचीन भारतका सामाजिक इतिहास, विहार हिन्दी ग्रन्थ, अकादमी, पटना ।

वज्राचार्य धनवज्र र अरू (सम्पा.) (२०१९). *इतिहास संशोधनको प्रमाण प्रमेय.* इतिहास संशोधन मण्डल, काठमाडौँ ।

रेग्मी, जगदीशचन्द्र (२०५१). *काठमाडौँ सहर सांस्कृतिक अध्ययन.* अफिस अफ नेपाल एन्क्विरी, काठमाडौँ ।

लम्साल, देवीप्रसाद (२०२३). *भाषावंशावली.* द्वितीय भाग, श्री ५ को सरकार, पुरातत्त्व विभाग नेपाल राष्ट्रिय पुस्तकालय, काठमाडौँ ।

वज्राचार्य, धनवज्र (सम्पा.) (२०५६). *मध्यकालका अभिलेख.* त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर ।

वज्राचार्य, धनवज्र (१९७७). "मध्यकालका सुरुका केही अभिलेख". *कन्ट्रिब्युसन्स टु नेपलिज स्टडिज.* भोलुम ५ नं. १, काठमाडौँ ।

--- (२०२१). "मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य". *पूर्णिमा.* पूर्णाङ्क २, काठमाडौँ ।

--- (२०३०). *लिच्छविकालका अभिलेख.* त्रि.वि., नेपाल र एसियाली अध्ययन संस्थान, कीर्तिपुर ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ (२०३१). *दोलखाको ऐतिहासिक रूपरेखा,* त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर ।

--- (२०३७). *शाहकालका अभिलेख.*भाग १, त्रि.वि., नेपाल र एसियाली अनुसन्धान केन्द्र, कीर्तिपुर ।

वैद्य, तुलसीराम (२०२८). *पृथ्वीनारायण शाह र रणजीत मल्लकालीन कागजपत्र.* त्रि.वि. नेपाल अध्ययन संस्थान, कीर्तिपुर ।

योगी नरहरिनाथ (...). संस्कृत सन्देश, वर्ष १, अङ्क ८ ।

ज्ञवाली, सूर्यविक्रम (२०३३). *पृथ्वीनारायण शाह.* नेपाल साहित्य सम्मेलन, दार्जिलिङ ।

Altekar, A.S. (1957). *Education in Ancient India*. Nand Kishor and Brothers, Varanasi.

Mishra, Jai Shankar (1985). *Albiruni- An 11th Century Historian.* Vishwavidyalaya Prakashan, Varanasi .

Petech, L. (1958). *Medieval History of Nepal.* (c. 750-1480 ), IsMEO, Rome.

Wright, D. (1966). *History of Nepal with an Introductory Sketch of the Country and People of Nepal.* Ranjan Gupta, Calcutta.